जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ • अंक ३२२ • २०८३ साल बैशाख ८ गते मंगलबार (21 April, Tuesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## उच्चस्तरीय छानबिन गर्ने माग

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसले गृहमन्त्री सुधन गुरुङसंग सम्बन्धित पछिल्लो प्रकरणको स्वतन्त्र, निष्पक्ष र उच्चस्तरीय छानबिन गर्न सरकारसंग माग गरेको छ ।

पार्टी प्रवक्ता देवराज चालीसेद्वारा जारी विज्ञप्तिमा गृहमन्त्रीको पदमा बहाल रहँदा अनुसन्धान प्रक्रिया प्रभावित हुनसक्ने भन्दै छानबिनलाई निष्पक्ष र प्रभावरहित बनाउन वातावरण सुनिश्चित गर्न सरकारको ध्यानाकर्षण गराइएको छ । "नैतिकता र स्वच्छताको राजनीतिलाई संस्थागत गर्ने हाम्रो प्रयास कुनै व्यक्ति वा दल विशेष लक्षित नभई समग्र राजनीतिक संस्कार सुधारतर्फ उन्मुख छ," जारी गरिएको विज्ञप्तिमा उल्लेख छ ।

कांग्रेसले यस विषयमा ढिलासुस्ती वा ढाकछोप गर्ने प्रयास गरिए त्यसले सुशासन र जनविश्वासमा गम्भीर आघात पुऱ्याउने चेतावनी दिँदै तत्काल उच्चस्तरीय छानबिन थाल्न माग गरेको छ ।

विवादस्पद व्यापारी दीपक भट्टसँग सेयर साझेदारी देखिएपछि गृहमन्त्री विवादमा तानिएका छन् ।

### सईले डीआईजी हल्लाए

# सर्वसधारणलाई १ सयको सीमा, तस्करलाई रामराज्य

**टुडे समाचारदाता**

जनकपुरधाम । सीमानाकामा हुने गरेको तस्कर र प्रहरी बीचको मिलेमतो र लेनदेनसहितको मोवाइल संवादका घटना चरणवद्ध रुपमा सार्वजनिक हुन थालेको छ ।

सप्तरीमा प्रहरी उपरिक्षक (एसपी) गौतमकुमार केसीले सर्वसाधारणलाई गालीगलौज र धम्क्याएको फोन संवाद भाइरल भए लगत्तै धनुषामा तस्कर र प्रहरीबीचको लेनदेन मिलाउने बारेमा भएको मोवाइल संवाद सार्वजनिक भएको छ ।

सप्तरीको घटना छानबिनका लागि मधेश प्रदेश प्रहरी कार्यालयले समिति गठन गरी कारबाही अघि बढाएको छ । मधेश प्रदेश प्रहरी कार्यालयका एसएसपी कमल थापाको नेतृत्वमा ५ सदस्यीय छानबिन समिति गठन भएको जनाइएको छ ।

तर धनुषामा भने प्रहरी-प्रहरीबीच आर्थिक लेनदेनको विषय नमिल्दा विवादले अर्के मोड लिएको छ ।

मधेश प्रदेश प्रहरी प्रमुख डीआईजी गोविन्द थपलियाको नाममा हुने गरेको आर्थिक चलखेलसंग जोडिएको मोवाइलमा गरिएको तस्कर र प्रहरीबीचको संवाद बाहिरिएपछि लेनदेनका अनेकौ रहस्य खुलेको छ ।

मधेश प्रदेशका प्रहरी प्रमुख डीआईजी थपलियाको नाममा तस्कर राजीव महासेठले आफूसहित अन्य व्यापारीसंग रकम असुली गरेको र उक्त रकम डीआईजी थपलियाद्वारा तोकिएका प्रहरीलाई दिएको भन्ने जस्ता मोवाइल संवादबाट खुलेको छ । घटना सार्वजनिक भएपछि जिल्ला प्रहरी कार्यालय धनुषामा कार्यरत्त वरिष्ठ सई सागरसमशेर राणालाई मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले कारबाही गरेको छ । उनलाई तत्कालका लागि निलम्बन गरिएको डीआईजी थपलियाले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय धनुषाको अपराध अनुसन्धान तथा विश्लेषण शाखामा कार्यरत वरिष्ठ सई सागरसमशेर राणालाई लेनदेनमा दोषी ठहर गर्दै कारबाहीको प्रारम्भिक चरणमा निलम्बन गरिएको छ । राणाले आफूमाथि लाञ्छना लगाएको दाबी गरेका छन् । उनले डीआईजीको प्रयासबाट जोगिन व्यापारी महासेठलाई फोन गरेको सार्वजनिक भएको संवादबाट पुष्टि हुन्छ ।

उक्त विवादका कारण मधेश प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरीबीच मतभेदसमेत उत्पन्न भएको देखिन्छ । तर



धनुषा प्रहरीले भने सो कुराको खण्डन गरेको छ ।

डीआईजी थपलियाले आफूलाई बदनाम गर्न राणाले मोबाइलमा गरेको संवाद सार्वजनिक गरेको आरोप लगाएका छन् ।घटनामा आफ्नो कुनै संलग्नता नरहेकोदावीगर्दै वरिष्ठ सईलाई थप कारवाहीको प्रकृया अगाडी बढाइने उनले बताएका छन् । मोबाइल संवादमा सई जयलाल यादव र अर्का सई गोपाल थापा मगर रहेका छन् ।यादव धनुषामा प्रहरी जवान रहेदेखि नै घुमुवाको धन्धागर्दै आएका छन् ।धनुषा जिल्लाको इनर्वा नाकाबाट तस्करी गर्ने महासेठसित यादवको पुरानो संगत रहेको बताइन्छ ।मगरपनि असुलीमा अग्रता लिएका छन् ।

प्रहरी स्रोतहरुका अनुसार महासेठको दैनिक ५० भन्दा बढी मोटरसाईकल तस्करीमा लागेको हुन्छ । भारतबाट नेपाल र नेपालबाट भारतमा अबैध रुपमा मालसमान तस्करी गर्नेहरु मध्ये महासेठ सबै भन्दा ठूला मानिन्छ ।

सरकारले सर्वसधारणका लागि सय रुपैयाँको मालसमान भन्दा बढी भन्सार बिना ल्याउन नहुने सीमा तोकेको बेला तस्करहरुका लागि रामराज्य भएको छ ।

त्यस्तै सप्तरीमा भएको घटनालाई लिएर मधेश प्रदेश प्रहरी प्रमुख डीआईजी थपलियाले संवादको विषयमा छानबिन गर्न समितिलाई जिम्मेवारी दिइएको बताए । आइतबार बिहानदेखि सामाजिक सञ्जालमा भाइरल भएको संवाद अनुसार एसपी केसी र तिलाठी कोइलाडी गाउँपालिका-४ का स्थानीय संचारकर्मी प्रह्लाद सिंहबीच कुराकानी भएको हो । उक्त संवादमा केसीले राजविराज नगरपालिका-३ का मुस्तकिम आलमलाई 'ठिक ठाउँमा ल्या, होइन भने... हान्दिन्छु' भन्दै गालीगलौज गरेका छन् । सिंहलाई धम्क्याउँदै एसपी केसीले आलममाथि अपशब्द प्रयोग गर्दै गालीगलौज गरेको संवादमा सुनिन्छ । संवाद सार्वजनिक भएपछि एसपी केसीको चौतर्फी आलोचना भइरहेको छ ।

आलमले सामाजिक सञ्जालमा अन्यायविरुद्ध आवाज उठाउँदा एसपी केसीले आफूलाई फोन गरेरै धम्क्याएको बताए । उनले समग्र घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही हुनुपर्ने मागसमेत गरे ।

सप्तरीका एसपी केसीले रातिको बेला सिंहले नै फोन गरेको स्वीकार गरे पनि आफूले गालीगलौज वा धम्की नदिएको दाबी गरे ।

# चामलमा विषको मात्रा अत्यधिक

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालको मुख्य खाद्यान्न बाली धानमा प्रयोग भइरहेका रसायनिक विषादीले किसानको स्वास्थ्यसँगै उपभोक्ताको भान्सासम्म गम्भीर संकट निम्त्याइरहेको एक अध्ययनले देखाएको छ ।

विभिन्न जिल्लामा व्यावसायिक धान उत्पादन गर्ने किसानमा गरिएको सर्वेक्षण र बजारबाट संकलन गरिएका चामलका नमूनाहरूको प्रयोगशाला परीक्षणले नेपालको कृषि क्षेत्रमा विषादी व्यवस्थापनको भयावह अवस्था सार्वजनिक गरेको छ ।

नेपालमा धान खेतीमा प्रयोग हुने विषादी र त्यसले मानव स्वास्थ्यमा पार्न सक्ने जोखिमबारे गरिएको वैज्ञानिक अध्ययनले डरलाग्दो तथ्य बाहिरिएको छ ।

यस अध्ययनले नेपालको कृषि र जनस्वास्थ्यमा 'विषादीको बम' विष्फोट हुने अवस्थामा रहेको संकेत गरेको छ ।

भारतको 'काउन्सिल अफ साइन्टिफिक एन्ड इन्डस्ट्रियल रिसर्च-इन्डियन इन्स्टिच्युट अफ टक्सिकोलोजी रिसर्च' को सहकार्यमा 'प्रोग्रेसिभ सस्टनेवल डिभलपर्स नेपाल' ले नेपालमा धानमा विषादीको प्रयोग र किसानको सुरक्षा विषयमा गरेको अध्ययन प्रतिवेदनले यस्तो तथ्य बाहिर ल्याएको छ ।

नेपालको तरकारी र सागमा खानै नसकिने गरी अनियन्त्रित रुपमा विषादीको प्रयोग भइरहेको अवस्थामा पछिल्लो समयमा भान्छामा दैनिक रुपमा पाक्ने चामलमा समेत प्रतिवन्धित विषादीको मात्रा अत्यधिक परिमाणमा पाउन थालिएको प्रतिवेदन सार्वजनिक भएको छ ।

अध्ययनको सबैभन्दा डरलाग्दो पक्ष भनेको नेपाल सरकारले प्रतिबन्ध लगाएको ' क्लोर्पाइरिफोस' नामक विषादीको प्रयोग अझै पनि भइरहनु हो । यो विषादी मानव स्वास्थ्यका लागि अत्यन्तै घातक मानिन्छ ।



सन् २०२५ जुन ६ मा प्रकाशित 'थ्योरी अफ प्लान्ड बिहेभियर' (टीपीबी) मा आधारित उक्त अध्ययनले नेपाली बजारमा पाइने ८३ प्रतिशत चामलका नमूनामा विषादीको अवशेष अत्यधिक मात्रामा पाइएको देखाएको छ ।

यस अध्ययनले कृषि क्षेत्रमा विषादीको अनियन्त्रित प्रयोगलाई कडाईका साथ नियमन गर्न ढिला भइसकेको संकेतसमेत गरेको छ । काठमाण्डुको चामलमा सबैभन्दा बढी विषादी, बासमती चामलमा अत्यधिक अनुसन्धानका क्रममा काठमाडौं, भक्तपुर र ललितपुर गरी तीन जिल्लाबाट चामलका नमुनाहरू संकलन गरिएको थियो ।

अध्ययन अनुसार ८३ प्रतिशत नमुनाहरू विषादीबाट प्रदूषित पाइएका छन् भने ८० प्रतिशत नमुनामा दुई वा बढी प्रकारका विषादीका अवशेषहरू भेटिएका छन् ।

अध्ययनका अनुसार चामलमा मुख्य रूपमा ट्राइसाइक्लाजोल, थायामेथोक्साम र टेबुकोनाजोलजस्ता विषादीहरू बढी मात्रामा पाइएका छन् ।

प्रतिवेदन अनुसार चामलमा विभिन्न ११ प्रकारको विषादीको अवशेषसमेत फेला परेको छ । अध्ययनको क्रममा चामलको नमूनामा किटनाशक, ढुसीनाशक, मुसा मार्नेलगायतका औषधिका साथै प्रतिवन्धित विषादीको परिमाणसमेत फेला परेको प्रतिवेदनले उल्लेख गरेको छ ।

'आलुमिनम फस्फाइड' र 'क्लोरपाग्रिफोस' जस्ता घातक विषादीहरू किसान र व्यापारीहरूले सामान्य रूपमा प्रयोग गरिरहेको पाइएको छ ।

संकलन गरिएको चामलको नमूना अत्याधुनिक प्रयोगशालामा परीक्षण गरिएको थियो । जसले चामलमा उपस्थित रहेका ५१ प्रकारको विषादीको सूक्ष्म विश्लेषण गरिएको थियो ।

यस तथ्यांकले हामीले दैनिक रुपमा शरीरलाई पोषण दिने भनेर खाने चामल कति असुरक्षित छ भन्ने देखाउँछ । विशेष गरी बासमती चामलमा गैर-बासमतीको तुलनामा विषादीको मात्रा अझ बढी पाइएको रिपोर्टमा उल्लेख छ ।

विषादीको मारमा किसान अध्ययनले किसानहरूले विषादी प्रयोग गर्दा अपनाउने सुरक्षा सतर्कता खासै अपनाएको देखिएन । अध्ययनको क्रममा किसानहरुले विषादी छर्कने क्रममा अपनाउनुपर्ने सुरक्षाका साधनहरु मास्क, पञ्जा, बुटलगायतको प्रयोग नगरेको पाइएको छ ।

कतिपय किसानले विषादी प्रयोग गरेपछि त्यसको बट्टा खेतबारीमै र पानीको स्रोत नजिकै फाल्ने गरेको पनि अध्ययनको क्रममा फेला परेको छ ।

आँखा पोल्ने, बान्ता हुने, झाडापखाला लाग्ने, दृष्टिमा धमिलोपनजस्ता समस्याहरु पनि देखापरेका छन् ।

अधिकांश किसान विषादी विक्रेताको सल्लाहको भरमा खेतिपाती गर्दै आएको पनि प्रतिवेदनले उल्लेख गरेको छ । यस्तै छिमेकी किसानले प्रयोग गरेको र बिक्रेताको दबाब र निर्देशनअनुसार विषादी प्रयोग गर्ने गरेको पनि उल्लेख गरिएको छ ।स्वास्थ्य जोखिम न्यून तर सतर्कता आवश्यक अध्ययनले अनियन्त्रित, आफुखुशी, प्रतिबन्धित र सीमाभन्दा बढी परिमाणमा प्रयोग भइरहेको विषादीहरुका कारण मानव शरीरमा हर्मोन, स्नायु र प्रजनन प्रणालीमा असर पुऱ्याउने उल्लेख गरेको छ ।

अत्यधिक विषादीयुक्त खाद्यान्न, तरकारी, साग वा फलफूलको नियमित रुपमा सेवन गर्दा वा त्यस्ता विषादीको नियमित असुरक्षित रुपमा सम्पर्कमा आउँदा आम उपभोक्ताको शरीरमा दीर्घकालीन रुपमा क्यान्सर, मृगौला फेल, हर्ट अट्याक (हृदयघात), रोगविरूद्धको प्रतिरोधी क्षमता घटाएर कलेजो बिग्रने, ब्रेन ट्यूमर हुने, गर्भ तुहिने जस्ता समस्या आउन सक्ने चेतावनी समेत दिइएको छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार वर्षेनी विश्वभर ४० लाखभन्दा बढी व्यक्ति यस्ता विषादीका कारण प्रभावित हुँदै आएका छन् । त्यसमध्ये करिब ३ लाख जनाको विषादीका कारण मृत्यु हुने गरेको छ ।

तरकारी र सागमा हुन्छ ८५ प्रतिशतसम्म बिषादीको प्रयोग सरकारको तथ्याँकअनुसार नेपालमा वार्षिक साढे ६ सयदेखि १२ सय मेट्रिक टनको हाराहारीमा खास बिष अर्थात बिषादीको आयात हुने गरेको छ ।

त्यसरी भित्रिने विषादीहरू करिब १७० प्रकारका हुन्छन् । तीमध्ये दुई तिहाइभन्दा बढी अर्थात झण्डै ८५ प्रतिशतसम्म त हरियो तरकारीमा उत्पादन गर्ने क्रममा किसानहरुले प्रयोग गर्दै आउने खालका छन् ।

बाँकी करिब १५ प्रतिशत विभिन्न प्रकारका खाद्यान्न बालीमा प्रयोग हुन्छ ।



# सडक बिस्तारले विद्युत, खानेपानी र इन्टरनेट सेवा प्रभावित



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्जमा जारी सडक बिस्तारको कारण यहाँको विद्युत, इन्टरनेट र खानेपानी सेवा अवरुद्ध भएको छ ।

डिभिजन सडक कार्यालय हेटौंडाले आइतबार बिहान ५ बजेदेखि सडक बिस्तारको काम सुरु गरेसँगै अत्यावश्यक सेवा अवरुद्ध भएपछि जनजीवन प्रभावित भएको छ ।

सोमबार बिहान ५ बजेदेखि साझ ५ बजेसम्म विद्युत अवरुद्ध हुँदा इन्टरनेटबाट सन्चालित सेवा र बोरिङबाट सन्चालित खानेपानी वितरण पनि प्रभावित भएको हो ।

नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगञ्जले सार्वजनिक सूचना जारी गरी सडक विस्तार तथा मर्मत कार्यका कारण केही क्षेत्रमा विद्युत् आपूर्ति प्रभावित हुने जनाएको छा प्राधिकरणका अनुसार त्रिभुवन राजमार्ग अन्तर्गत नेपाल-भारत सीमादेखि पुल क्षेत्र हुँदै गण्डक नहरसम्म राष्ट्रिय राजमार्गको मापदण्डअनुसार सडक सीमाभित्र पर्ने संरचना हटाउने तथा मर्मत कार्य भइरहेकाले विद्युत् लाइन व्यवस्थापन गर्नुपर्ने अवस्था आएको छ ।

विद्युत प्राधिकरण वीरगञ्ज वितरण केन्द्रका प्रमुख इञ्जिनियर विजय महतोले सडक बिस्तार हुँदा वीरगन्ज महानगरको वडा १, २, ५, ६, रानीघाट, जगन्नाथपुर, श्रीसिया, छपकैया, घण्टाघर, बिर्तामाई, छपकैया, बलिरामपुर फिडरहरुबाट आपूर्ती हुने क्षेत्रमा विद्युत् सेवा अनियमित हुन सक्ने जानकारी दिएका छन् । केन्द्रका अनुसार मंगलबारसम्म विद्युत सेवा आंशिक समयमा अवरुद्ध हुन सक्ने जनाएको छ ।

वीरगन्ज महानगर क्षेत्रमा आइतबार बिहानैदेखि सडकको दाँयाबाँया २५ मिटरभित्रका संरचना भत्काउन सुरु गरिएको हो। त्रिभुवन राजपथ अन्तर्गतको गण्डक-मितेरी पुल सडक क्षेत्रमा रहेका अतिक्रमित संरचना बिहान साढे ५ बजेबाट हटाउने काम भइरहेको छ ।

सडक डिभिजन हेटौंडा कार्यालयले आइतबार करिब १ दर्जन डोजर/एस्क्साभेटर चलाएर संरचना हटाउन सुरु गरेको हो ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी र नगर प्रहरीको सुरक्षामा अतिक्रमित संरचना हटाउने अभियान थालिएको छ ।

सडक डिभिजन कार्यालय हेटौंडाका इञ्जिनियर भोला साहले यसअघिको सर्वोच्च अदालतको फैसला र संघीय सरकारको निर्णय अनुसार आइतबार बिहानदेखि सडक अतिक्रमण गरी निर्माण गरिएका घरटहरा भत्काउन शुरु गरिएको जानकारी दिए । उनले गण्डक चोकदेखि मितेरी पुलसम्म करिब १ हजारदेखि १ हजार २ सय घरटहरा रहेको बताए ।

# दलीय संगठन हटाउन उपकुलपतिलाई प्रधानमन्त्रीको कडा निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र शाहले विश्वविद्यालय र स्वास्थ्य शैक्षिक संस्थाहरूमा रहेका दलीय विद्यार्थी तथा कर्मचारी संगठनका संरचनाहरू तत्काल हटाउने निर्णय कार्यान्वयन गर्न उपकुलपतिहरूलाई निर्देशन दिएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा आज देशभरका विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूसँगको साढे ३ घण्टा लामो छलफलका क्रममा उनले यस्तो निर्देशन दिएका हुन् ।

छलफलका क्रममा उपकुलतिहरुले जेनजी आन्दोलन र चुनावपछि विद्यार्थीले राजनीतिक गतिविधि सुस्त भएको र यस्ता संगठन हटाउन पहल भइरहेको बताएका थिए ।

प्रधानमन्त्री शाहले भने शैक्षिक संस्थाहरूमा कुनै पनि बहानामा राजनीति गर्न नहुने अडान लिँदै दलीय संगठनका संरचना हटाउन कुनै पनि ऐन बाधक नहुने स्पष्ट पारे ।

उनले अस्पताल, क्याम्पस र विद्यालयजस्ता पवित्र ठाउँमा कुनै पनि दलको झण्डा, प्रभाव वा संगठन राख्न नदिइने बताउँदै राजनीति नै गर्ने भए पेसागत जिम्मेवारीबाट अलग भएर पूर्णरूपमा राजनीतिमा लाग्न सुझाव दिए ।



छलफलका क्रममा नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा.डा. धनेश्वर नेपालले विद्यार्थी संगठनहरू हटाउन खोज्दा उल्टै धम्की र आक्रमण खेप्नुपरेको भन्दै असुरक्षित भएको बताएका थिए ।

जवाफमा प्रधानमन्त्री शाहले राजनीतिक संगठनका संरचना हटाउदा सुरक्षाको कुनै पनि समस्या आएमा तुरुन्तै सम्बन्धित मन्त्रालय वा आफ्नो सचिवालयमा खबर गर्न निर्देशन दिए ।

प्रधानमन्त्री शाहले सुरक्षा संयन्त्रलगायत आवश्यक पर्ने सबै सहयोग उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको र प्रहरी प्रशासनले आफ्नो कर्तव्य पालना गर्ने बताउँदै ढुक्क भएर जिम्मेवारी पूरा गर्न उपकुलपतिहरूलाई आग्रह गरे । साथै, प्रधानमन्त्री शाहले शैक्षिक क्यालेन्डरको पूर्ण पालना गर्न र परीक्षाको नतिजा एक महिनाभित्रै प्रकाशन गर्नसमेत कडा निर्देशन दिए ।

यसैगरी शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले पनि राजनीतिक दलसँग आबद्ध संगठनहरू खारेज गर्न मन्त्रालयले निर्देशन दिइसकेकाले त्यसलाई कार्यान्वयन गर्न ऐनले नरोक्ने बताए। छलफलमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. दीपक अर्यालले 'जेनजी' आन्दोलन र निर्वाचनपछि विद्यार्थी तथा कर्मचारी संगठनहरू क्रमशः निष्क्रिय बन्दै गएको जानकारी दिए ।

मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. ध्रुवकुमार गौतम, पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा.डा. विजुकुमार थपलिया र सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. हेमराज पन्तले केही आंगिक क्याम्पसहरूमा अझै पनि विद्यार्थी राजनीतिको तनाव कायमै रहेको बताए ।

अन्य विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूले भने आफ्नो संस्थामा राजनीतिक गतिविधि न्यून रहेको र प्रशासन कडा भएमा शैक्षिक क्षेत्रमा राजनीति अन्त्य हुने विश्वास व्यक्त गरे ।

# दुर्लभ राजगोमन सर्पको उद्धार

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको बर्दिबास नगरपालिका-३ स्थित राजाबास गाउँबाट करिब ११ फिट लामो करिब छ किलोग्राम तौल भएको दुर्लभ राजगोमन सर्पको उद्धार गरी सुरक्षित रूपमा प्राकृतिक बासस्थानमा छाडिएको छ ।

बाख्रा खोर नजिकै राखिएको दाउरामा लुकेको अवस्थामा उक्त सर्प फेलापरेको थियो । मिथिला वाइल्ड लाइफ ट्रस्टका अध्यक्ष देवनारायण



मण्डलका अनुसार ट्रस्टका सुवोध आचार्य, गौतम मण्डल तथा सबडिभिजन वन कार्यालय लालगढको संयुक्त टोलीले सर्पलाई सुरक्षित रूपमा नियन्त्रणमा लिएको हो ।

उद्धारपछि सर्पलाई नजिकैको सामुदायिक वन क्षेत्रमा लगेर पुनःस्थापना गरिएको छ । अध्यक्ष मण्डलका अनुसार चुरे क्षेत्र राजगोमन सर्पको प्राकृतिक बासस्थान भएकाले सोही वातावरणमा छाडिएको छ ।

# अक्षय त्रितीया पर्व सम्पन्न

जलेश्वर । चन्द्रमास गणनाले सोमबार वैशाख शुक्ल तृतीया तिथि । यस दिन मधेश प्रदेशका महोत्तरीसहित अन्य जिल्लामा अक्षय तृतीया पर्व सम्पन्न भएको छ ।

हिन्दू परम्परामा यस दिन बाटो कुरेर नै बटुवालाई जौ र चनाको सातु एवं सक्खरको सर्वत खुवाउने गरिन्छ । पर्वका अवसरमा जौ र चनाको सातु एवं चिसो सर्वत दान गरेर भोका र तिर्खाएकाहरूलाई खुवाउँदा कहिल्यै नास नहुने पुण्य आर्जन हुने यहाँ धार्मिक विश्वास छ ।

यस दिन जति बढी भोका र तिर्खाएका व्यक्तिलाई सातु र सर्वत ख्वाइन्छ, त्यति नै बढी पुण्य मिल्ने विश्वास छ । यसै विश्वासले सोमबार बाटोमा बसेर सातु र सर्वत बटुवालाई खुवाउँछन् ।

यस पर्वमा गर्मीले आकुल-व्याकुल भएका पथिक (बटुवा) लाई शीतलता दिने जौ र चनाको सातु, सक्खर मिलाई चिसो पानीमा बनाइएको सर्वत र मिष्टान्न परिकार खुवाइनु र परिवारजनले खाने चलनभित्र स्वास्थ्य सन्देश पनि रहेको स्वास्थ्यकर्मी बताउँछन् । गर्मी याममा पसिना धेरै निस्कने हुँदा शक्तिवर्द्धक सक्खरको सर्वत र पुष्टिवर्धक अन्न जौ र चनाको सातु खानपिनको प्रयोगमा जोड दिएइको बर्दिबास-१३ बिजलपुराका बासिन्दा वरिष्ठ जनस्वास्थ्य निरीक्षक गिरेन्द्रकुमार झा बताए ।

पर्वमा गरिब र अभाव भोगी, खेपिरहेका व्यक्तिलाई सातु राखिएका थैला र सर्वत राखिएको घडासहितै दान गर्ने मैथिल परम्परा छ ।

अक्षय तृतीया पर्वको वर्णन भविष्य पुराणमा उल्लेख छ । भगवान् शिव र देवी पार्वतीको विवाह भएको दिन पनि मानिने यो पर्वमा ब्राह्मण, कुलपुरोहित तथा गरिबलाई स्वर्ण (सुन), शीतल खाद्य परिकार र वस्त्र दान गर्नेको कहिल्यै भण्डार खाली नहुने उल्लेख रहेको छ । यसै दिन भगवान् विष्णुको छैटौं अवतार मानिने भगवान् पर्शुरामको जन्मदिन भएको पनि विश्वास गरिन्छ ।

यो पर्व सुख र समृद्धिको प्रतीक मानिन्छ । यो पर्वले मौसमअनुसार पुष्टिवर्धक भोजन गर्न सन्देश दिनेसँगै दीनदुःखी र भोकाएका, तिर्खाएकालाई सेवा दिन नैतिक सन्देश दिएको पाका मैथिल बताउँछन् ।

पर्वमा कुल पुरोहित ब्राह्मणलाई पूजा गरेर वस्त्र, मिष्टान्न खाद्य परिकार र दक्षिणा दिएर आफ्नो र परिवारका सदस्यहरूको जीवनमा शीतलताको कामना गर्दै जौ, चनाको सातु र सर्वत खाएर यो पर्व समापन गरिने मैथिल परम्परा छ । भगवान् शिव र पार्वतीको विवाह भएको मानिने यो दिन नयाँ घरबास, नानीहरूको अन्नप्राशन र विवाहलगायत माङ्गलिक कार्यका लागि अर्को साइत हेर्न नपर्ने मान्यता छ । रासस

# सीमानाका कडाइले सत्तारूढ दलका सांसद नै असन्तुष्ट



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल-भारत सीमानाका पारीबाट एक सय रुपैयाँभन्दा बढीको सामान ल्याउँदा अनिवार्य भन्सार तिर्नुपर्ने सरकारको निर्णयमा सत्तारुढ दलकै सांसदहरूले असन्तुष्टि जनाएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसदहरूले सरकारको यो निर्णयले सीमावर्ती क्षेत्रका सर्वसाधारणले सास्ती खेप्नुपरेको भन्दै असन्तुष्टि जनाएका छन् ।

सरकारको यो कदमको विरोध गर्दै गृहमन्त्री सुधन गुरुङकहाँ पुगेर मधेशबाट निर्वाचित रास्वपाका केही सांसदले यसमा पुनर्विचार गर्न माग गरेका छन् । रास्वपा मधेश प्रदेश सभापति एवं सिरहा-४ का सांसद तपेश्वर यादवले सीमानाका तत्काल सहज बनाउन माग गरेको बताए ।

त्यस्तै सिरहा २ का सांसद शिवशंकर यादवले पनि सीमामा नागरिकले पाएको सास्तीका विषयमा गृहमन्त्रीसँग गुनासो गरेका छन् । मधेशमा प्रहरी प्रशासनकै मिलेमतोमा संगठित ढंगले तस्करी हुँदै आएको र सरकारले त्यसलाई रोक्न गरेको प्रयास राम्रो भए पनि सबैका हकमा एउटै व्यवस्था गर्दा सर्वसाधारण नागरिक समस्यामा परेको बताए ।

यस विषयमा तत्कालै समाधान निकाल्न र सीमामा सहज वातावरण बनाउन गृहमन्त्री समक्ष आफूले माग गरेको सांसद यादवले जानकारी दिए । 'तस्करी नियन्त्रणका लागि सरकारले गरेको प्रयास राम्रो छ, तर सबैलाई एउटै चसमाले हेर्दा सर्वसाधारणले दुःख पाउने अवस्था आयो,' उनले भने, 'सरकारले यसलाई समाधान गर्नुपर्छ ।'

सांसद यादवले मधेशका अन्य सांसदहरूले पनि सरकार र पार्टीसँग यस विषयमा कुरा गरेको बताए। सीमा क्षेत्रमा तस्करी, लागूऔषध र मनी लाउन्ड्रिङ नियन्त्रण गरिनुपर्ने तथा घरायसी र उत्पादनमुखी सामग्रीमा भने लचिलो हुनुपर्ने धारणा मधेशका ती सांसदहरूको छ ।

सरकारको यो निर्णयविरुद्ध मधेशका युवाहरूको एक समूहले पनि आज काठमाडौंस्थित माइतीघरमा प्रदर्शन गरेको छ । मधेशलाई दीर्घकालीन हिसाबले कमजोर पार्न सरकारले षड्यन्त्र गरेको भन्दै उनीहरूले सीमामा गरिएको कडाइ तत्काल खारेज गर्न माग गरेका छन् ।

# एक जना अनमीको भरमा प्रसूति सेवा

**टुडे समाचारदाता**

सिरहा । यहाँको नरहा गाउँपालिका-४ वर्छवामा रहेको प्रसूतिगृह (बर्थिङ सेन्टर) कर्मचारी अभावका कारण जोखिमपूर्ण अवस्थामा सञ्चालन भइरहेको छ । संवेदनशील स्वास्थ्य सेवा प्रवाह गर्नुपर्ने यस संस्थामा हाल एक जना अनमी मात्रै छन् ।

सामान्यतया एउटा व्यवस्थित प्रसूतिगृह सञ्चालनका लागि कम्तीमा दुई जना स्टाफ नर्स, एक जना स्वास्थ्य सहायक (एचए) र एक जना कार्यालय सहयोगी आवश्यक पर्छ । तर, यहाँ छैटौं तहकी अनमी टीकादेवी ढुङ्गेलले एक्लै चौबिसै घण्टा सेवा दिनुपर्ने बाध्यता छ ।

भौतिक पूर्वाधारमा कमी नभए पनि पर्याप्त दक्ष जनशक्ति नहुँदा प्रसूतिगृहमा सेवाग्राहीको सङ्ख्या निकै न्यून छ । चालु आर्थिक वर्षको नौ महिनामा यहाँ केवल १९ जनाले मात्र सुत्केरी सेवा लिएका छन् । तीमध्ये ११ जना स्थानीय 'सदाय' समुदायका विपन्न महिला हुन्, जो अन्यत्र जान आर्थिक वा भौगोलिक रूपमा असमर्थ थिए ।

बर्छवा स्वास्थ्यचौकीका प्रमुख महेशकुमार रजक स्वास्थ्यकर्मी अभावले रातको समयमा निकै चुनौती हुने बताए । उनले भने, "दिउँसो कार्यालय समयमा त हामी अन्य कर्मचारी पनि हुन्छौं, केही सहज हुन्छ । तर सुत्केरी गराउन प्रायः राति आउँछन्, जुन बेला एक जनाको भरमा सम्भव नै हुँदैन । कहिलेकाहीँ उहाँ (अनमी) पनि बिदामा बसेको बेला त संस्था नै खाली हुने अवस्था छ ।"



वर्षौंदेखि सेवा दिइरनुभएकी अनमी टीकादेवी ढुङ्गेलले पनि एक्लै काम गर्दाको सकस सुनाउँदै भने, "दिउँसो त्यति समस्या हुँदैन, तर रातको समयमा एक्लै सुत्केरी गराउनुपर्दा डर र जोखिम दुवै हुन्छ । कोही नभएपछि बिरामीको सेवाका लागि जे-जति सकिन्छ, गरिरहेकै छु ।"

प्रसूतिगृहमा कर्मचारी अभाव देखाइरहँदा नरहा गाउँपालिकाले भने स्वास्थ्यका प्राविधिक कर्मचारीलाई प्रशासनिक काममा खटाएको छ । स्वास्थ्यतर्फका सिनियर अहेव अरुणकुमार सिंहलाई जिन्सी शाखा प्रमुखको जिम्मेवारी दिइएको छ भने अर्का कर्मचारी बैजनाथ साहलाई ५ नम्बर वडाको सचिव बनाइएको छ ।

यतिमात्र होइन, अन्य तीन जना स्वास्थ्यकर्मीलाई कुनै ठोस जिम्मेवारी नदिई स्वास्थ्य शाखामा 'काज'मा राखिएको छ । यस सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत आदित्यकुमार कर्ण भने जनशक्ति अभावलाई नै मुख्य कारण भएको बताए । उनले भने, "हामीसँग स्वास्थ्यतर्फका कर्मचारी कम भएकैले त्यहाँ थप जनशक्ति पठाउन नसकिएको हो । हामी व्यवस्था मिलाउँदैछौं, चाँडै थप जनशक्ति पठाउने प्रयास गर्नेछौं ।"

प्रशासनिक पहुँच र राजनीतिक खिचातानीका कारण दक्ष स्वास्थ्यकर्मीलाई उनीहरूको कार्यक्षेत्रभन्दा बाहिर राख्दा दुर्गमका महिलाहरू सुरक्षित मातृत्वको अधिकारबाट वञ्चित भइरहेको स्थानीयको गुनासो छ । स्थानीय सकलदेव यावदले भने, "पालिकाले पहुँचवाला स्वास्थ्यकर्मीलाई वडा र जिन्सी शाखामा आराम गराएर राखेको छ, तर हामीजस्ता गरिबका छोरीबुहारी सुत्केरी व्यथाले छट्पटाउँदा एउटा अनमीको भर पर्नुपर्छ । यो त सिधासिधा हाम्रो स्वास्थ्यमाथि खेलवाड हो ।"

एक्लो अनमीको भरमा चल्ने यस्तो सेवाले कुनै पनि बेला दुर्घटना निम्त्याउन सक्ने जोखिम देखिएको स्थानीय बताउँछन् । उनीहरूले तत्काल स्वास्थ्यकर्मीको व्यवस्थापन गरी प्रसूतिगृहलाई पूर्ण क्षमतामा चलाउन माग गरेका छन् ।


**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आज तपाईको आत्मविश्वास बढ्नेछ। |
| वृष : | आज धैर्य र संयम आवश्यक हुनेछ । कामा ढिलासुस्ती हुन सक्छ । |
| मिथुन : | आज नयाँ योजना बनाउने दिन हो । सञ्चार र सम्बन्धमा सुधार आउनेछ । |
| कर्कट : | आज भावनात्मक रुपमा संवेदनशील हुन सक्नुहुन्छ । |
| सिंह : | आज नेतृत्व क्षमता देखाउने अवसर मिल्नेछ । |
| कन्या : | आज सानो मेहनतले ठुलो परिणाम दिन सक्छ । |
| तुला : | आर्थिक स्थिति स्थिर रहनेछ । साथीभाईसंग सहकार्य बढ्नेछ । |
| वृश्चिक : | आज गोप्य योजना सफल हुन सक्छ । काममा ध्यान दिनु आवश्यक छ । |
| धनु : | आज यात्रा गर्ने अवसर मिल्न सक्छ । नयाँ ज्ञान हासिल हुनेछ । |
| मकर : | आज जिम्मेवारी बढ्न सक्छ । काममा महेनत आवश्यक हुनेछ । |
| कुम्भ: | आज नयाँ सोच र योजना बन्नेछ । |
| मीन: | आज सृजनात्मक काममा रुचि बढ्नेछ। काममा केही चुनौती आउन सक्छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# 'समुदाय सचेत भएमा विपद् प्रतिकार्यमा सहयोग पुग्छ'

टीकापुर । कैलालीको टीकापुरमा मौसम परिवर्तनका असरबारे समुदाय सचेत बन्दै गएका छन् । टीकापुरका विपद्को जोखिममा रहेका समुदायमा गठन भएका विपद् व्यवस्थापन समिति बाढीको जोखिम कम गर्ने मात्र नभई मौसम परिवर्तनले पर्ने असरबारे समेत सचेत हुन थालेका छन् ।

समुदायमा गठन भएका विपद् व्यवस्थापन समितिमा बाढीसँगै अन्य मौसम परिवर्तनले निम्त्याउने जोखिम, वातावरण संरक्षण, बाली संरक्षणका विषयमा समेत छलफल हुन थालेको छ ।

टीकापुर नगरपालिका-५ दक्षिण शाहीपुरस्थित स्थानीय विपद् व्यवस्थापन समितिले स्थानीय विपद् व्यवस्थापन समिति मौसम अनुसारको हरेक विपद्मा कसरी पूर्वतयारी गर्ने, जोखिम कम कसरी गर्ने भनी हरेक वर्ष योजना बनाउने र पूर्वतयारी तथा प्रतिकार्यका काम गर्ने गरेको छ ।

समितिका अध्यक्ष चन्द्रबहादुर रोकामगर कर्णाली नदीले हरेक वर्ष बाढीजन्य जोखिम निम्त्याउँदा विसं २०६४ सालबाटै आफूहरू विपद् व्यवस्थापनमा सक्रीय भएर लागेका बताउनुहुन्छ । "समुदायमै नमूना अभ्यास गर्ने, हरेक महिना बैठक बस्ने, मौसम अनुसारका विपद्का बारेमा छलफल गर्ने, बाढी आउनुपूर्व पूर्वसूचनामा ध्यान दिने गरेका छौँ", उहाँ भन्नुहुन्छ, "हाम्रो बस्ती कर्णाली नदीको जोखिममा छ । विगतमा बाढी आउँदा मानिसको ज्यान जान्थ्यो, विसं २०६४ सालयता हामी मानवीय क्षति तथा धनजनको क्षति हुन नदिन सचेत भएका छौँ ।"

यो समुदायमा रहेका ज्येष्ठ नागरिक, अपाङ्गता भएका, बालबालिका, गर्भवती, सुत्केरीको तथ्याङ्क राखिएको छ । समुदायको नक्साङ्कन गरिएको छ । समुदायले विपद्का समयमा जोखिममा रहेकालाई सबैभन्दा पहिला उद्धार गर्ने गरेको उहाँको भनाइ छ ।

यहाँ मौसम परिवर्तनले गर्ने असरबारे समुदाय सचेत भएका छन् । हरेक समुदायमा पूर्वसूचना, प्राथमिक उपचार, खोज तथा उद्धार, महिला दल गठन भएका छन् । यी समितिले वर्षभरि नै विपद् व्यवस्थापनका लागि काम गर्छन् ।

दक्षिण शाहीपुर प्राथमिक उपचार कार्यदलका सदस्यको पिला जैसीलाई पाँच वर्षअघि विपद् आएमा कसरी जोगिने भन्नेबारे जानकारी थिएन, अहिले सबै मिलेर काम गर्दा जोगिन र जोगाउन सकिन्छ भन्ने जानकारी भएको उहाँको भनाइ छ ।

यसरी समुदायको क्षमता विकास गर्न टीकापुर नगरपालिकाले सङ्घसंस्थासँग सहकार्य गरेर काम गरिरहेको छ । विपद् व्यवस्थापनका क्षेत्रमा काम गर्ने सङ्घसंस्थाले पालिकालाई सघाएका छन् ।

सामाजिक परिचालक निरज चौधरी टीकापुरको ५, ६, ७, ८ र ९ वडामा बाढीजन्य विपद्बाट जोगिन आपत्कालीन सामग्री सहयोग, विपद् व्यवस्थापन समितिको क्षमता अभिवृद्धि, विभिन्न कार्यदलको भूमिका बढाउन सघाइरहेका बताउनुहुन्छ ।

"पूर्वसूचना, पूर्वतयारीमा सघाइरहेका छौँ", उहाँले भन्नुभयो, "मौसमअनुसार छलफल, यतिबेला आगलागीको जोखिमबाट बच्ने उपायबारे छलफल गर्ने गरेका छन् ।"

वातावरण संरक्षणबारे समुदाय सचेत भएका छन् । उनीहरू वातावरण र बाली जोगाउन विषादी प्रयोग नगर्ने र आयआर्जनका कार्यमा लागेका छन् ।

"यहाँका महिलाहरू बेत बाँस फर्निचरमा काम गर्ने, तरकारी खेती गरेर आम्दानी लिन थालेका छन्", स्थानीय धनसरा ठकुल्लाले भन्नुभयो, "प्रभावित क्षेत्रका किसान धानबालीको बाढी बिमामा आबद्ध भएका छन् ।"

इलाका प्रशासन कार्यालय टीकापुरका प्रमुख तारानाथ राना विपद्को जोखिम कम गर्न जलवायु उत्थानशीलताका लागि समुदायलाई नै सक्रीय बनाउनुपर्ने बताउनुहुन्छ ।रासस

## बढ्दो सम्बन्धविच्छेद :
# अधिकारको उपयोग कि विकृति ?




काठमाण्डु । चालु आर्थिक वर्षको गत चैत २० गतेसम्म काठमाडौँ जिल्ला अदालतमा दुई हजार ९०७ वटा सम्बन्धविच्छेदसम्बन्धी मुद्दा दर्ता भएकामा एक हजार ३९ मुद्दाको फैसला भइसकेको छ ।

विसं २०७६ देखि हालसम्म उक्त अदालतमा सम्बन्धविच्छेदसम्बन्धी फर्छ्यौट हुन बाँकी मुद्दाको सङ्ख्या एक हजार ९४७ रहेको छ । सर्वोच्च अदालतको २०८१/८२ को वार्षिक प्रतिवेदनअनुसार मुलुकभर ४२ हजार ७३९ वटा सम्बन्धविच्छेदका मुद्दा दर्ता भएका थिए । सो आर्थिक वर्षमा सर्वोच्च अदालतमा ११९ र उच्च अदालतमा एक हजार ५४१ सम्बन्धविच्छेदसम्बन्धी मुद्दा दर्ता भएका थिए ।

सोही आवमा ३३ हजार ५० वटा मुद्दा फर्छ्यौट भएकामा नौ हजार ६८९ मुद्दाको छिनोफानो हुन सकेन । त्यसमध्ये जिल्लाबाट ४१ हजार ७९ वटा मुद्दा फर्छ्यौट भएको वार्षिक प्रतिवेदनमा उल्लेख छ । आव २०८०/८१ मा ४० हजार ३२० वटा सम्बन्धविच्छेदसँग सम्बन्धित मुद्दा दर्ता भएकामा ३१ हजार ७५२ मुद्दा फर्छ्यौट भएको थियो भने आठ हजार ५६८ मुद्दा छिनोफानो हुन सकेन ।

यहाँ उल्लेखित तथ्याङ्कले के देखाउँछ भने पछिल्लो समय सम्बन्धविच्छेदसम्बन्धी मुद्दाको सङ्ख्या एकदमै बढेको छ । बदलिँदो विश्व परिस्थितिको प्रभाव, आधुनिक नेपाली समाज र परिवारमा देखिने सामान्य मतभेदमा पनि सम्बन्धविच्छेद गरिहाल्ने प्रवृत्तिले सङ्ख्या बढेको सरोकारवाला बताउँछन् ।

काठमाडौँ जिल्ला अदालतका सूचना अधिकृत दीपक श्रेष्ठका अनुसार बैंकिङ कसुर र चेक अनादरपछि सबैभन्दा बढी सम्बन्धविच्छेदका मुद्दा दर्ता हुने गरेका छन् । कतिपय परिवारमा श्रीमान्/श्रीमतीबीच सामान्य खटपट हुनासाथ सम्बन्धविच्छेदका लागि अदालत आउने गरेको देखिएको छ ।

वैदेशिक रोजगार, परिवारको असहमतिमा हुने प्रेम-विवाह, अन्तरजातीय विवाह, आधुनिकता, अर्काको नक्कल गर्ने प्रवृत्ति, कुटपिट, मानाचामल र हेरचाह नगरेको, नेपाली समाजमा खस्कँदै गएको संस्कार र संस्कृति तथा दम्पतीबीचको मतभेदले पनि सम्बन्धविच्छेद गर्नेको सङ्ख्या बर्सेनि बढ्दै गएको अनुमान गरिएको छ ।

अधिवक्ता गोकुल दवाडी वैदेशिक रोजगारी, आर्थिक अभाव, परिवारिक तनावजस्ता कारणले सम्बन्धविच्छेदको सङ्ख्या बढेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "रिट निवेदन लिएर अदालतमा पुगेका सबैको सम्बन्धविच्छेद भइहाल्छ भन्ने होइन, ५० प्रतिशत जतिको हुन्छ भने केही दम्पतीले मेलमिलाप गरेर फर्केका उदाहरण पनि छन् ।"

अध्ययन र रोजगारीका लागि 'डिपेन्डेन्ट भिसा'मा जाने कतिपय युवा जोडीले त विवाह गरेको महिना दिन नपुग्दै दाम्पत्य सम्बन्ध अन्त्यका लागि फिरादपत्र लिएर अदालत आउँछन् । सूचना अधिकृत श्रेष्ठले विदेश जान प्रेमविवाह हतारमा गर्ने, परिवारलाई थाहा नहुने अनि कतिपय सामाजिक आस्था र परिवारको सहमतिबेगर भएका कारण पनि सम्बन्धविच्छेद भएको पाइन्छ ।

त्यसो त ज्येष्ठ नागरिक भइसकेका र बाँकी जीवनका लागि सहारा चाहिने उमेरमा पनि सम्बन्धविच्छेद गरेका घटना प्रशस्तै छन् । हजुरबुबा-हजुरआमा उमेरका पनि सम्बन्धविच्छेदका लागि अदालत आउने गरेको कानुन व्यवसायी बताउँछन् ।

सम्बन्धविच्छेदका मुद्दामा दुवै पक्ष सहमत भएमा काठमाडौँ जिल्ला अदालतले दुई दिनमै निर्णय सुनाउन सक्ने व्यवस्था मिलाएको छ । अदालतमा सम्बन्धविच्छेदका लागि आउनेमध्ये कतिपय श्रीमतीसँगै बस्न सक्दिनँ भनेर आउँछन् भने केही श्रीमान्ले अंश दिन नपर्ने भनी निवेदनमा मागदाबी गरेको पाइन्छ ।अधिकांश जोडीका बीचमा भने बच्चा र अंशका विषय मेलमिलापमा पुग्न र मुद्दालाई न्यायिक निरुपणमा पुर्‍याउन मुद्दा लम्बिने गरेको पाइन्छ । सम्बन्धविच्छेदका लागि मुद्दा परेपछि अर्को पक्षलाई २१ दिन म्याद दिएर जानकारी गराउने, जवाफ आएपछि दुवैलाई मेलमिलापमा पठाउने र यस्तो मुद्दा एक वर्षसम्म राखेर छलफल गराउन सकिने कानुनी व्यवस्था छ ।

जेनजी आन्दोलनका बेलामा एकैदिनमा पनि त्यस्ता मुद्दालाई किनारा लगाइएको थियो । तर हतारमा गर्दा कागजमा त्रुटि हुने कारणले दुई दिनमा मात्रै छिनोफानो गर्ने गरिएको सूचना अधिकृत श्रेष्ठ बताउनुहुन्छ । परिस्थितिजन्य अवस्थामा त्यस्ता मुद्दा अधिकृत वारेसमार्फत पनि दर्ता गर्न सकिने छ । त्यो अवस्थामा अधिकांशमा अंश नलिएर छोडपत्र गरेको पाइन्छ । यो सङ्ख्या ३० वर्ष उमेर समूहको बढी छ ।

नातिनातिना खेलाउने उमेरका हजुरबुबा-आमा पनि सम्बन्धविच्छेदका लागि अदालत पुग्ने गरेका छन् । त्यस्ता कतिपय श्रीमतीले श्रीमान्लाई तपाईँको साथ र संरक्षण नरहे पनि सिन्दूर कायम रहोस् भन्ने गरेका छन् । त्यस्तो अवस्थामा श्रीमान् श्रीमतीमध्ये सम्पत्तिमा छोराछोरी कसका पक्षमा छ भन्ने अवस्थाले सम्बन्ध निर्धारण गर्छ ।

अधिवक्ता शरदचन्द्र गौतमका अनुसार अदालतमा रिट निवेदन लिएर आउने मुद्दामध्ये सम्बन्धविच्छेदको सङ्ख्या धेरैमा पर्छ । पहिलेजस्तो सात जन्मसँगै बस्ने, धर्म र पापसँग जोडिएको नभई विवाहलाई एउटा करारका रूपमा लिने प्रचलन बढेको प्रतिक्रिया उहाँले दिनुभयो । देशको आयआर्जन वैदेशिक विप्रेषणमा निर्भर भएको र वैदेशिक रोजगारीका कारण श्रीमान् वा श्रीमती विदेशमा रहनुपर्ने बाध्यताले पनि केही हदसम्म सम्बन्धविच्छेद बढ्नुमा कारकतत्वको भूमिका निर्वाह गरेको अधिवक्ता गौतमको भनाइ छ ।

जिल्ला अदालत काठमाडौँमा मुद्दा दर्ता गर्न आउनुभएकी एक युवतीले भन्नुभयो, "साथीमार्फत ऊ (श्रीमान्)सँग चिनजान भयो । त्यसपछि प्रेमविवाह भयो । छोरी अहिले छ वर्षकी भई । म २२ वर्षकी भएँ । पहिले ऊ होटलमा काम गर्थ्यो, पछि उसले काम छोड्यो । लागुऔषध सेवन गरेर हैरानी दिन थालेपछि सुरक्षित हुन सम्बन्धविच्छेदका लागि आएकी हुँ ।"

अधिवक्ता ऋषिकेश श्रेष्ठका अनुसार वैदेशिक रोजगारीका हिसाबले श्रीमान् श्रीमतीसँगै बस्न अनुकूल नभएको र त्यसले उब्जाएको आशङ्का र फाटोले पनि सम्बन्धविच्छेदका घटना बढाएको छ । उहाँ भन्नुहुन्छ, "सम्पत्ति सुरुमा श्रीमतीको नाममा राख्ने अनि कतिपय स्वतन्त्रताप्रति आशङ्काको दृष्टिले हेर्ने प्रवृत्तिले यस्ता घटनाको बढोत्तरी भएको छ । नव युवापुस्ता विदेश जान अदालती दर्ता विवाह गर्ने अनि सम्बन्धविच्छेदमार्फत सम्बन्ध अन्त्य गर्ने प्रचलन पनि देखिएको छ ।"

भाइबुहारीको सम्बन्धविच्छेद मुद्दाको तारेख लिन काठमाडौँ जिल्ला अदालत आइपुग्नुभएकी नुवाकोटकी एक महिलाले भन्नुभयो, "भाइ विदेश बस्थ्यो, घरायसी कुरा नमिलेर पाँच/छ वर्षदेखि बुहारीले घर छाडेर हिँडेकी छ ।"

अधिवक्ता सृजना कँडेलका अनुसार सम्बन्धविच्छेदका लागि ५० वर्ष उमेर समूहमाथिको सङ्ख्या पनि उल्लेख्य छ । उहाँ भन्नुहुन्छ, "केही दिनअघि मात्रै धादिङकी ७० वर्षीया महिला र ७३ वर्षीय पुरुषको सम्बन्धविच्छेद भयो । श्रीमान्ले दुईवटीसँग पहिले पनि सम्बन्धविच्छेद गर्नुभएको रहेछ ।"

ती ७० वर्षीया वृद्धाले दुई दिन भने पनि श्रीमान्सँग 'डिभोर्स' गर्छु भनेको अधिवक्ता कँडेलले सुनाउनुभयो । उहाँले १५ वर्षअघिसम्म सम्बन्धविच्छेदको मुद्दा अदालतमा न्यून हुने गरेको बताउनुभयो । हाल त्यो सङ्ख्या ह्वात्तै बढेको छ । पछिल्लो पुस्ता झन् आफू स्वतन्त्र भएर बस्न र घरपरिवारबाट मुक्त हुन चाहन्छ । उनीहरूमा किन दबाबमा बस्ने भन्ने सोच छ ।

अदालत परिसरमा नाति च्यापेर बस्नुभएकी एक महिलाले भन्नुभयो, "म जेठी श्रीमती हुँ । यो उमेरमा श्रीमान्ले कान्छी ल्याएर बसेको छ । छोरो बाहिर छ, हामीलाई घरमा आएर कुटपिट गर्नुहुन्छ । अदालतले पनि हामीजस्ता पीडितलाई छिटो न्याय दिलाउनुपर्छ । अहिले अंश र मानाचामलका लागि दाबी गर्न आएकी हुँ ।"

अधिवक्ता राजन केसी सम्बन्धविच्छेदमा खासगरी प्रेमविवाह, गरिबी, आर्थिक, रोजगारीलगायत पढाइलेखाइमा एकअर्काबीच अन्तर तथा सामाजिक अवस्थाले समेत प्रभाव पारेको बताउनुहुन्छ । सम्बन्धविच्छेदसम्बन्धी मुद्दा महिलाले दर्ता गरेमा अदालतले पीडामा परेको अनुमान गरी छिटो निष्कर्षमा पुग्छ । पुरुषले हालेको अवस्थामा फैसला भएको सङ्ख्या कम छ ।

उहाँले भन्नुभयो, "श्रीमान् र श्रीमती तीन वर्षसँगै नबसेको, खान लाउन नदिएको, मानसिक यातना दिएको जस्ता विषय जोडेर मुद्दा हाले पनि न्यायालयले भरसक परिवारको बिछोड होइन, जोड्ने काम गर्नुपर्छ भन्ने मान्यता राख्छ । धेरै मेलमिलाप हुनसक्ने सम्भावना पनि हुन्छ ।"

'ट्रेन्ड'कै रूपमा बढ्दो सम्बन्धविच्छेदको दर हेर्ने हो भने कानुनी अधिकार प्रयोग गरी स्वतन्त्रता चाहनेको सङ्ख्या बढेको हो या स्वतन्त्रताका नाममा विकृतिले प्रोत्साहन पाइरहेको हो भन्ने विषयमा भने समाजशास्त्रीय कोणबाट अति सुक्ष्म रूपमा अध्ययन गर्नुपर्ने देखिएको छ । रासस

## पच्चीस सय वर्ष पुरानो चण्डेश्वरी जात्राः
# देवताको रक्षार्थ खुसीयालीको पर्व

काभ्रेपलाञ्चोक । यहाँको ऐतिहासिक नगर बनेपामा करिब दुई हजार ५०१ वर्षदेखि चण्डेश्वरी जात्रा मनाइँदै आइएको छ । विशेषगरी नेवार समुदायले हरेक वर्षको वैशाख पूर्णिमादेखि तीन दिनसम्म उक्त जात्रा मनाउने गर्दछन् ।



बनेपामा यही वैशाख १८ गते चण्डी पूर्णिमादेखि द्वितीयासम्म जात्रा मनाइँदैछ । तीन दिनसम्म मानिने उक्त जात्रामा यहाँका मानिसमा नयाँ उमङ्ग र उत्सव देखिन्छ । बनेपावासीका लागि यो जात्रा महान् पर्वका रूपमा लाग्ने गर्दछ । केही दिनयता जात्रा व्यवस्थापन समिति र स्थानीय जात्राको तयारीमा जुटेका छन् । वैशाख शुक्ल पूर्णिमा, जसलाई चण्डीपूर्णिमा नाम दिइएको छ, प्रत्येक वर्ष यहाँका बासिन्दाले मनाउने यो पर्वमा चण्डेश्वरी मन्दिर परिसर बेहुलीझैँ सिङ्गारिन्छ ।

जात्राको विधिअनुसार यहाँका घर चोख्याइन्छन् । पूर्णिमाको अघिल्लो दिन हनुमान ढोकाबाट ल्याइने तरबार (खड्ग)सँगै जात्रामा सरकारको तर्फबाट समेत पूजा गर्ने व्यक्तिको सहभागिता रहनुले पनि बनेपाली यसको महत्वले अझ व्यापकता पाएकामा गर्व गर्छन् । जात्रा अवधिभर बनेपाका सबै नेवार समुदायका घरघरमा भोज गरिन्छ । बूढापाकाले टोलटोलमा बसी भजन गाउँछन् भने जात्रा अवधिभर यहाँका सडक, गल्लीमा भीडभाड हुने गर्दछ ।

'शक्तिकी अधिष्ठात्री देवी मानिएकी चण्डेश्वरी देवी'को पूजा गर्न टाढादेखि भक्तजन आउने स्थानीय श्याम मानन्धर बताउनुहुन्छ । उहाँका अनुसार जात्रामा सामेल हुन पाउँदा निकै खुसी मान्दै भक्तजनहरू 'मागेको पुग्ने' कुरामा विश्वास गर्छन् । जात्राअन्तर्गत पहिलो दिन बिहान सबेरै बनेपादेखि पुण्यश्वर महादेवसम्म मत पूजा अर्थात् चिराग यात्रा गरिन्छ । धिमे, नायिखं, छुस्यालगायत विभिन्न बाजागाजासहित आस्था भएका सबैले आआफ्नो घरबाट चिराग बोक्दै बनेपाको लायकुमा जम्मा भई जलेश्वर महादेव (जसिगा)सम्म पुगेर विसर्जन गर्ने प्रचलन छ ।

जात्राको विधिअनुसार तुलसीको काठद्वारा निर्मित रथमा देवी चण्डेश्वरीलाई रथारोहण गराई देवगृहबाट परिक्रमाका लागि निकाल्ने चलन छ । बनेपाको तीनधारामा बनाइएको पाङ्ग्रा नभएको खटलाई भेडा बलि दिइएपछि देवता नभएको खाली खटलाई विभिन्न बाजागाजासहित स्थानीय युवाहरूले बोकेर 'ल्हाका पालुं हाः' भन्दै चण्डेश्वरी मन्दिर पुर्‍याउँछन् । यसक्रममा रथ तान्ने र घचेट्नेको उत्साहमा थप ऊर्जा प्रदान गर्दै बजारका हरेक घरका झ्यालझ्यालबाट उनीहरूलाई नेवारी भाषामा 'ल्हाका पालुं हाः' भन्दै साहस थपिदिने काम हुन्छ । यस्तै हरेक घरमा तयार पारिएका प्रसादहरू झ्यालबाटै रथमा बसेकी चण्डेश्वरीलाई चढाउँछन् । खटलाई मन्दिर नजिक पुर्‍याएपछि विधिपूर्वक पूजा गरी चण्डेश्वरी देवीको मूर्तिलाई पुनः खटमा राखिन्छ ।

दोस्रो दिन बकुटोलबाट चण्डेश्वरीले भण्डासुर दैत्यको बध गरेपछि समाधि गरिएको स्थान भन्ने विश्वासअनुसार रथ पुर्‍याउने र भव्य स्वागत सत्कारकासाथ पूजाआजा गरी बलि दिने परम्परासमेत रहेको छ । जात्राको सुरुदेखि नै तोकिएको धार्मिक पीठमा बलि दिइन्छ । खटलाई प्राचीन लायकू दरबारसम्म पुर्‍याउँदै र त्यहाँबाट चण्डेश्वरी देवीको मूर्तिलाई अर्को सानो खटमा राखेर पुनः वकुटोलमै ल्याउने गरिने परम्परा रहिआएको छ । यस्तै मूर्तिलाई सानो खटमा राखेर पुनः चण्डेश्वरीमा पुर्‍याएपछि जात्रा सकिने गर्छ ।

जात्राका क्रममा चण्डेश्वरी मन्दिरभित्र रहेका पिगं देवताहरूलाई १२ वटा बोका बलि दिने र तीमध्ये एउटा बोका द्वारे र अर्को बोका जोशी (तोकिएका जातजाति)लाई दिइने प्रचलन छ । बाँकी बोकाको मासु 'कलंदान' गरिँदै आइन्छ । कलंदान जात्रामा मासुलाई प्रसादस्वरुप भीडमा फालिन्छ । चण्डेश्वरी जात्रामा बनेपाका स्थानीय मानन्धर, भोछिभोया, राजवाहकलगायतका सबै नेवार समुदायसँग प्रत्यक्ष सम्बन्ध रहने भएकाले यो जात्रालाई विशेष महत्वकासाथ लिइने गरिएको हो ।

चण्डेश्वरी जात्राको महत्व ठूलो भएको जनाउँदै बनेपा र आसपासमा रहेका सङ्घसंस्था तथा विद्यालय जात्रा अवधिभर बन्द गरिन्छन् । बनेपाबाट जहाँसुकै स्थानमा बसाइँ गएकाहरू पनि चण्डेश्वरी जात्रामा पूजा गर्न आइपुग्छन् भन्ने मान्यता छ । यस जात्रा छुटाउनै हुँदैन भन्ने जनविश्वास पनि रहेको छ ।

किंवदन्तीअनुसार करिब दुई हजार ५०० वर्ष अगाडि दैत्यराज चण्डासुरले लामो समयसम्म तपस्या गरेपछि कुनै पनि पुरुषले आफूलाई मार्न नसक्ने वरदान पाएका थिए । रासस


## कोटेशन आव्हान गरीएको सूचना

जि. महोत्तरी बर्दिवास न.पा.-३ गौरीडाँडा स्थित रहेको सर्पदंश उपचार केन्द्र वर्दिवास महोत्तरीको उपचारार्थका लागि अत्यावश्यक पर्ने औषधिजन्य र सर्जिकल (करिव ६९ प्रकारका) सामान खरिद गर्ने घटाघट मूल्यमा कोटेशन आह्वान गरीएको सूचना गरिन्छ ।

**तपसिल**

- आवश्यक कागजातहरु सहित मिति २०८३ साल बैसाख २० गते सम्म कार्यालयमा निवेदन दिनुपर्ने छ ।
- बैसाख २० गते पछि आएको कागजात मान्य हुने छैन ।
- अत्यावश्यक जानकारीका लागि तलका मोवाईल नम्बरमा सम्पर्क गर्नुहोला

(१) ९८०४८५०३३६ (२) ९८४४११७४५६ (३) ९८४४२७७३६२

## श्री सैनिक आवासीय महाविद्यालय, बर्दिबास, महोत्तरी
## खरिद सम्बन्धि विद्युतिय सिलबन्दी दरभाउपत्र (e–GP) आह्वानको सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८२/०१/ ०८ गते)

१. आ.ब.२०८२/०८३ मा यस महाविद्यालयको लागी आवश्यक मेशिनरी औजार ठेक्का गर्न ईच्छुक फर्म/ संस्था वा कम्पनीहरुको लागी यसै सूचनाद्धारा सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**सिलबन्दी दरभाउपत्रको विवरण**

| सि. नं. | सूचना नम्बर | कामको विवरण | पेश गर्नुपर्ने सिलबन्दी दरभाउ पत्र जमानत अंक(ने.रु.) | सिलबन्दि दरभाउ दस्तुर(ने.रु.) | सिलबन्दि दरभाउ पत्र मान्य हुने अवधी | दरभाउ पेश गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १. | NAWF/ SAMV/GOODS /BDS/2082/83/71 | मेशिनरी औजार खरिद | ३६०००.०० | १०००.०० | ७५ दिन | २०८२।०१।२३ गते १२०० बजे सम्म | २०८२।०१।२३ गते १३०० बजे सम्म |

२. खरिद सम्बन्धि थप जानकारीको लागी श्री सैनिक आवासीय महाविद्यालय,बर्दिबास,महोत्तरीको फोन नं.०४४-५९०१०४,९८५४०२१७९३
इमेलः-armyschool–bardibas@nepalarmy.mil.np र website: sambm.edu.np मा सम्पर्क गर्न हुन ।
३. e–GP Bidder हरुले e–GP प्रणालीमा व्यवस्था भए बमोजिम अन्य विवरण समेत भर्नु पर्नेछ ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# प्रश्न उठ्यो ? छोडदिनु उपयुक्त

गत भदौमा भएको जेन- जी आन्दोलनको अगुवाहरु मध्ये सर्वाधिक प्रभावशाली मानिएका वर्तमान गृहमन्त्री सुदन गुरुंगमाथि प्रश्न उठेको छ । बिचौलिया दीपक भट्ट सम्बद्ध एउटा बित्तीय संस्थामा २५ लाखको शेयर गुरुंगको नाममा देखिएको छ । त्यो रकम मन्त्रीले सम्पत्ति सार्वजनिक गरेको सूचीमा उल्लेख छैन । हुन त उनी हदबन्दी भन्दा बढी जग्गा राखेको पनि आरोप छ । उनको सुन, चाँदीको स्रोत पत्यारिलो नदेखिएको प्रश्न उठेको छ । त्यसको वैधता सरकारले नै जाँच गर्ने हो । सरकारले विभिन्न माध्यमबाट गुरुंगको संलग्नताबारे छानबिन गर्न सक्छ । सरकारी निकायले नै अहिले भट्ट प्रकरणको छानबिन गरिरहेको छ । त्यसमा देशको ठूला औद्योगिक घराना मध्येको शंकर ग्रुप पनि मुछिएको छ । त्यस समूहसितको आवद्धतामा गुरुंगको नाम पनि जोडिएको छ । गुरुंगको आफ्नै केही अभिव्यक्ति पनि विवादास्पद बनेको छ । केही पहिले उनले आफ्नो आर्थिक स्थिति कमजोर रहेकोले पढ्न नपाएको सार्वजनिक रुपमा सञ्चारमाध्यममा बोलेका थिए । तर अहिले उनको सम्पत्ति विवरणले त्यो बयानलाई झुठो साबित गरेको छ । पछिल्लो पटक उनको संलग्नता दीपक भट्टसितको कारोबारमा देखिएको र उनले सार्वजनिक गरेको सम्पत्ति विवरणमा सम्पत्ति लुकाएको आरोप लागेको छ । सुदन गुरुंग देशको सर्वाधिक प्रभावशाली र गोप्य मानिने गृह मन्त्रालयको जिम्मेवारी पाएका छन् । गृह मन्त्रालय आपराधिक मानिस पक्रने, छाड्ने भन्दा कयौं बढी संवेदनशील राष्ट्रिय, अन्तराष्ट्रिय विषय हेर्ने सर्वाधिक सुरक्षित र गोप्य निकाय मानिन्छ । गृह मन्त्रीमाथि नै प्रश्न उठेपछि त्यहाँ मातहतका सुरक्षाअधिकारीहरुको मनोबल उच्च रहन सक्दैन । मन्त्रीप्रति नै सुरक्षा अधिकारीहरुको आशंका भइरहने देखिन्छ । त्यसकारण गुरुंगले गृह मन्त्रालय छाड्नु उपयुक्त हुनेछ । गृह मन्त्रीले मातहतलाई निर्देशन दिदाँ आफू निष्कलंक हुनुपर्छ । पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरी कारबाही गर्न सक्ने आँटिलो भनेर प्रशंसित बनेका मन्त्री गुरुंग अहिले आफुमाथि उठेको प्रश्नबाट जोगिन मुश्किल भएको छ । उनले जे तर्क वितर्क गरे पनि उनको नाम मुछिसकिएपछि सफाइ नपाउञ्जेल पदमा रहिरहन उपयुक्त हुने छैन । विवादमा परेपछि गृहमन्त्री जस्तो संवेदनशील मन्त्रालयको नेतृत्व गर्न उपयुक्त हुँदैन । झण्डै दुई तिहाइ बहुमतको बालेन्द्र साह नेतृत्वको सरकारमा श्रममन्त्री रहेका दीपक कुमार साह पत्नीको सदस्य पदको विवादमा तानिएको केही घण्टा नबित्दै राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का अध्यक्ष रवि लामिछानेले बर्खास्त गर्न सरकारलाई निर्देशन दिएको थियो । त्यो लगत्तै बिना बिलम्ब सरकारले साहलाई पदमुक्त गरेको थियो । त्यस प्रकरणमा सरकारको निर्णयको धेरैले प्रशंसा गरेका थिए । सुधन गुरुंगको हकमा पनि त्यस्तो अपेक्षा बढेको देखिन्छ ।

# नेपाल बिद्यार्थी संघ एक संक्षिप्त परिचय



● प्रफुल्ल घिमिरे

आज बैशाख ६ गते नेपालको प्रजातान्त्रिक विद्यार्थी आन्दोलनको इतिहासमा अत्यन्त महत्त्वपूर्ण दिन हो। यही दिन नेपाल विद्यार्थी संघको स्थापना भएको थियो। यो केवल एउटा संगठन जन्मिएको दिन मात्र होइन, विद्यार्थी चेतना, लोकतान्त्रिक संघर्ष, अधिकारको आवाज र राष्ट्र निर्माणमा युवाशक्तिको औपचारिक प्रवेशको दिन पनि हो। नेपाल विद्यार्थी संघको इतिहास सम्झँदा केवल संगठनको यात्रा मात्र सम्झिने होइन, नेपालमा प्रजातन्त्रका लागि विद्यार्थीहरूले खेलेको गौरवपूर्ण भूमिका पनि सम्झिनुपर्छ। विद्यार्थी जीवन केवल पुस्तक, परीक्षा र प्रमाणपत्रमा सीमित हुँदैन भन्ने सन्देश नेपाल विद्यार्थी संघको इतिहासले दिएको छ। विद्यार्थी जीवन समाज परिवर्तनको उर्जा, राष्ट्र निर्माणको शक्ति र अन्यायविरुद्ध उठ्ने साहसिक आवाज पनि हो। सर्वमान्य नेता गणेशमान सिंहले भनेझैँ विद्यार्थी जीवन केवल विद्या आर्जनको दायरामा सीमित नभई राष्ट्रिय राजनीति र प्रजातन्त्रका लागि ऐतिहासिक परिवर्तनको पर्खाल नाघ्ने सामर्थ्यपूर्ण जीवन पनि हो। यही भावना नेपाल विद्यार्थी संघको आधारशिला बनेको थियो।

नेपाल विद्यार्थी संघको परिचय बुझ्न यसको स्थापना मितिबाट मात्र पुग्दैन, यसको जरा राणा शासनको अँध्यारो कालसम्म पुग्छ। १०४ वर्षे निरंकुश जहाँनिया राणा शासनले नेपाली जनतालाई अधिकारविहीन बनाएको थियो। शिक्षा सीमित वर्गको पहुँचमा थियो, अभिव्यक्ति स्वतन्त्रता थिएन, संगठन गर्ने अधिकार थिएन, र राज्यसत्ता जनताको होइन शासकहरूको हातमा केन्द्रित थियो। यस्तो समयमा विद्यार्थी समुदायले पहिलो पटक विद्रोहको स्वर उठायो। त्यो स्वर तत्कालीन शासनविरुद्ध सानो ज्वाला जस्तो देखिए पनि पछि प्रजातान्त्रिक आन्दोलनको विशाल अग्नि बन्यो।

नेपाल विद्यार्थी आन्दोलनको पहिलो संगठित झल्को नेपाल संस्कृत छात्र संघबाट देखिन्छ। वि.सं. २००४ सालमा "जयतु संस्कृतम्" आन्दोलन सुरु भयो। तीनधारा संस्कृत पाठशालाका विद्यार्थीहरूले शिक्षा प्रणाली सुधारको माग राखे। इतिहास, भूगोल, अर्थशास्त्र, नागरिकशास्त्र जस्ता विषय पढाउनुपर्ने, छात्रवृत्ति बढाउनुपर्ने र आधुनिक शिक्षा समावेश गर्नुपर्ने माग गर्दै विद्यार्थीहरू सडकमा उत्रिए। यो केवल शैक्षिक सुधारको माग थिएन, यो चेतनाको विद्रोह थियो। राणा शासनले यसलाई गम्भीर चुनौतीका रूपमा लियो। आन्दोलन दबाउन विद्यार्थीहरूलाई छात्रावासबाट निकालियो, कतिपयलाई चार भञ्ज्याङ कटाइयो, कतिलाई देश निकाला गरियो। दमन चर्कियो, तर चेतना दबेन। यस घटनाले देखायो कि विद्यार्थीहरू अब अन्याय चुपचाप सहने अवस्थामा थिएनन्।

त्यसपछि वि.सं. २००५ सालमा सम्पूर्ण नेपाली विद्यार्थीलाई एउटै सूत्रमा बाँध्ने उद्देश्यले "नेपाल छात्र संघ" स्थापना भयो। यो विद्यार्थी एकताको अर्को महत्त्वपूर्ण कदम थियो। यसले विद्यार्थीहरूलाई संगठित बनायो र प्रजातन्त्रको अभियानमा जोड्यो। २००७ सालको क्रान्ति अघि विद्यार्थी संस्थाहरूले नेपाली कांग्रेसको नेतृत्वमा चलेको जनक्रान्तिमा महत्त्वपूर्ण भूमिका खेले। पर्चा वितरण, गोप्य सन्देश आदानप्रदान, जनचेतना फैलाउने कामदेखि आन्दोलनकारीलाई सहयोग पुर्‍याउने काममा विद्यार्थी अग्रपंक्तिमा थिए। यसरी विद्यार्थीहरू राष्ट्रको राजनीतिक परिवर्तनका सहयात्री बने।

२००७ सालमा राणा शासन अन्त्य भएपछि पनि विद्यार्थी आन्दोलन रोकिएन। विद्यार्थीहरूले केवल शासन परिवर्तनलाई पर्याप्त मानेनन्, उनीहरूले जनअधिकार संस्थागत हुनुपर्छ भन्ने माग अघि सारे। नेपाली कांग्रेसले संविधानसभाको चुनाव गराउन माग गर्दै वि.सं. २०१४ सालमा भद्र अवज्ञा आन्दोलन सुरु गर्दा विद्यार्थीहरू पुनः अग्रमोर्चामा उभिए। देशभर आन्दोलन चर्कियो र अन्ततः राजा महेन्द्र आमनिर्वाचन गराउन बाध्य भए।

वि.सं. २०१५ सालको आमनिर्वाचन नेपालको लोकतान्त्रिक इतिहासमा महत्त्वपूर्ण मोड थियो। नेपाली कांग्रेसलाई दुई तिहाइ बहुमत दिलाउन विद्यार्थीहरूको उल्लेखनीय भूमिका रह्यो। जनतामा चेतना फैलाउने, गाउँगाउँ पुगेर प्रजातन्त्रको अर्थ बुझाउने र निर्वाचन अभियानलाई जनस्तरसम्म पुर्‍याउने काममा विद्यार्थीहरू सक्रिय रहे। तर यो उपलब्धि धेरै समय टिकेन।

वि.सं. २०१७ साल पुस १ गते राजा महेन्द्रले जननिर्वाचित वीपी कोइराला नेतृत्वको सरकार विघटन गरे, संविधान निलम्बन गरे र पञ्चायती तानाशाही लागू गरे। यसपछि देश फेरि निरंकुश शासनतर्फ धकेलियो। राजनीतिक दल प्रतिबन्धित भए, नेताहरू जेल परे, अभिव्यक्ति स्वतन्त्रता खोसियो। तर विद्यार्थी चेतना पुनः जाग्यो। देशभित्र दमन भइरहँदा विदेशमा अध्ययनरत नेपाली विद्यार्थीहरूले लोकतान्त्रिक आन्दोलनलाई सहयोग गर्न थाले।



दरभंगामा सी.के. प्रसाईको अध्यक्षतामा नेपाल छात्र तथा युवक संगठन गठन भयो। यस संगठनका शिवचन्द्र मिश्र वि.सं. २०१९ साल असोज २४ गते महोत्तरीको सीमामा सशस्त्र मुठभेडमा वीरगति प्राप्त गरे। वि.सं. २०१८ सालमा जनकपुरधामस्थित जानकी मन्दिरमा राजामाथि बम प्रहार प्रकरणमा फाँसी दिइएका सहिद दुर्गानन्द झा तथा लामो समय जेल जीवन बिताएका अरविन्द ठाकुर लगायतका व्यक्तिहरू पनि यही धाराका संघर्षशील पात्र थिए। यी घटनाले विद्यार्थी आन्दोलन केवल नारामा सीमित नभई बलिदानसम्म पुगेको प्रमाणित गर्छन्।

भारतका विभिन्न शहरमा अध्ययनरत नेपाली विद्यार्थीहरूले पनि लोकतान्त्रिक आन्दोलनलाई निरन्तर सहयोग गरे। रामचन्द्र पौडेलको अध्यक्षतामा प्रजातान्त्रिक युवा दल गठन भयो। वि.सं. २०२४ सालमा बनारसमा सुश्री शैलजा आचार्यको अध्यक्षतामा प्रजातान्त्रिक समाजवादी युवा दल गठन गरियो। यसरी देशभित्र र देशबाहिर विद्यार्थी तथा युवाहरूले प्रजातन्त्रको मशाल बालिरहे।

यता नेपालभित्र शैक्षिक क्षेत्रमा असन्तोष बढ्दै गएको थियो। बेरोजगारी, असमानता, दमन, स्वतन्त्रताको अभाव र पञ्चायती निरंकुशताले विद्यार्थी समुदाय आक्रोशित थियो। यस्तो अवस्थामा एउटा वृहत् लोकतान्त्रिक विद्यार्थी संगठन खोल्ने निर्णय भयो। यो खबर पाउनेबित्तिकै पञ्चायती शासकहरू डराए। तयारीमा जुटेका युवा विद्यार्थी नेताहरू गिरफ्तार गरिए, जेल हालिए, यातना दिइयो। तर संगठन निर्माणको सपना रोकिएन।

सेन्ट्रल जेलको ६ नम्बर कोठामा हातमा हत्कडी र खुट्टामा नेल लगाइएका राजबन्दीहरूले समेत हार मानेनन्। जेलभित्रै नयाँ र पुराना राजबन्दीहरूको सल्लाहबाट एउटा समग्र विद्यार्थी समुदायको प्रतिनिधित्व गर्ने झण्डा निर्माण गरियो। रातो भुइँ संघर्षको प्रतीक, सेतो गोलाकार विश्वशान्तिको लक्ष्य, त्यसभित्र कलम शिक्षा र मशाल विद्रोह तथा चेतनाको प्रतीकका रूपमा राखियो। यो झण्डाको नक्सा गोप्य रूपमा जेलबाहिर पठाइयो।

सबै तयारीपछि वि.सं. २०२७ साल बैशाख ६ गते देशभरबाट आएका करिब २०० प्रतिनिधि र सयौँ पर्यवेक्षकहरूको उपस्थितिमा नेपाल विद्यार्थी संघको औपचारिक स्थापना भयो। भरखरै नौ वर्षको कारावासबाट मुक्त भएका विघटित संसदका सभामुख तथा तत्कालीन नेपाली कांग्रेसका अध्यक्ष कृष्णप्रसाद भट्टराईले उद्घाटन गर्नुभयो। यही दिन नेपाल विद्यार्थी संघले इतिहासमा आफ्नो नाम लेखायो।

तर स्थापना भएको दिनदेखि नै संघर्ष सुरु भयो। पञ्चायती सरकारले संगठनलाई अवैध घोषणा गर्‍यो। २२ जना विद्यार्थी नेताहरू गिरफ्तार गरिए। बागमती अञ्चल विशेष अदालत गठन गरी उनीहरूमाथि मुद्दा चलाइयो। प्रत्येकलाई ६ महिना कैद र पाँच सय रुपैयाँ जरिवाना गर्ने फैसला भयो। तर विद्यार्थीहरू झुकेनन्। उनीहरूले सर्वोच्च अदालतमा रिट दायर गरे। अन्ततः सर्वोच्च अदालतले विशेष अदालतको फैसला रद्द गर्‍यो र विद्यार्थीहरूलाई स्वतन्त्र विद्यार्थी संघ खोल्न पाउने अधिकार स्वीकार गर्‍यो। यो फैसला केवल नेविसंघको जित मात्र थिएन, संगठन स्वतन्त्रताको ऐतिहासिक विजय थियो।

त्यसपछि नेपाल विद्यार्थी संघको संगठन विस्तार र आन्दोलनको यात्रा अघि बढ्यो। दोस्रो सम्मेलन २०२८ भदौ २९ गते नारायणगढमा अखिले र मण्डलेहरूको संयुक्त आक्रमणका बाबजुद सम्पन्न भयो। तेस्रो महाधिवेशन २०३६ साल फागुन २८, २९, ३० र चैत १ गते जनकपुरधाममा वीपी कोइरालाबाट उद्घाटन गरियो। चौथो महाधिवेशन २०३९ साल बैशाख १७, १८, १९ गते दाङमा गर्ने निर्णय गरिए पनि सरकारको दमनका कारण सम्भव भएन, पछि काठमाडौंमा सम्पन्न भयो। पाँचौं सम्मेलन २०४४ साल पौष ६, ७ र ८ गते प्रहरी आतंक र गिरफ्तारीका बीच काठमाडौंमा सम्पन्न भयो।

यी सम्मेलनहरू केवल संगठनात्मक कार्यक्रम थिएनन्, प्रत्येक सम्मेलन निरंकुशताविरुद्धको चुनौती थियो। प्रत्येक महाधिवेशनले विद्यार्थीलाई लोकतन्त्रको पाठ पढायो।

नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल विद्यार्थी संघको बलिदानी इतिहास अत्यन्त गौरवपूर्ण छ। २०२९ सालको आन्दोलनमा जदुकोहामा कामेश्वर मण्डल र कुशेश्वर यादवले वीरगति प्राप्त गरे। यसपछि बलिदानको श्रृंखला सुरु भयो।

तानाशाही व्यवस्थाको दमन चर्किँदै जाँदा विद्यार्थीहरूमा आक्रोश बढ्दै गयो। वीपी कोइरालाले शान्तिपूर्ण र वैध उपायहरू बन्द गरिएपछि जनतालाई आत्मरक्षाका लागि हतियार उठाउने अधिकार हुन्छ भन्नुभएको सन्दर्भमा केही विद्यार्थीहरू सशस्त्र संघर्षतर्फ पनि लागे।

२०३१ साल माघमा मठिहानीमा गोली हानी मारिएका केशव कोइराला, विराटनगर बमकाण्डमा मारिएका रामकृष्ण श्रेष्ठ, कात्तिक महिनामा जेल सार्ने बहानामा नख्खुको ओरालोमा राति गोली हानी मारिएका लिला ढकाल, ठगी दाहाल, गोकर्ण कार्की, खगेन्द्र दाहाल तथा पौष महिनामा ओखलढुंगा काण्डमा मारिएका रामप्रसाद उपाध्याय, लक्ष्मणप्रसाद उपाध्याय, महेश कोइराला, पेशल दाहाल जस्ता अनेकौँ विद्यार्थी योद्धाहरू लोकतान्त्रिक आन्दोलनका अमर सहिद बने।

यी नामहरू केवल इतिहासका पानामा लेखिएका अक्षर होइनन्, यी त्याग, साहस र समर्पणका जीवित प्रतीक हुन्। उनीहरूले विद्यार्थी आन्दोलनलाई केवल विरोधको आन्दोलन होइन, परिवर्तनको आन्दोलन बनाए।

२०४६ सालको जनआन्दोलनसम्म आइपुग्दा विद्यार्थीहरू फेरि अग्रपंक्तिमा थिए। सडकमा लाठी, गोली, अश्रुग्यास र गिरफ्तारीको सामना गर्ने पंक्तिमा विद्यार्थीहरूको ठूलो संख्या थियो। पञ्चायती व्यवस्था ढल्यो, बहुदलीय प्रजातन्त्र पुनर्स्थापित भयो। यस विजयमा नेपाल विद्यार्थी संघको योगदान अविस्मरणीय छ।

